ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनु साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ।
एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक
# धनगढी पोष्ट
www.dhangadhipostnews.com

यो ठाउँ विज्ञापनको लागि खाली छ।

मानवअधिकार छोडौं, जैविक अधिकार खोजौं ②
दार्चुलामा सुक्दै खानेपानीका मुहान ③
संकटमा पर्दै रनपुतला नाच ④

वर्ष २१ अंक १५५ वि.सं. २०७९ माघ ०४ गते बुधबार (Jan. 18 Wednes 2023) मुल्य रु. ४/- पेज -४

सुदूरपश्चिम प्रदेश सभा

# सभामुखमा भण्डारी र उप-सभामुखमा कोइली देवी निर्वाचित



**भीम भण्डारी**
सभामुख



**कोइली देवि चौधरी**
उप-सभामुख

**पोष्ट संवाददाता**
धनगढी। सुदूरपश्चिम प्रदशको सभामुखमा नेकपा आमोबादी केन्द्रबाट निर्वाचिन प्रदेश सभा सदस्य भीम भण्डारी निर्वाचित भएका छन्।

मंगलबार सभामुख चयनका लागि प्रदेश सभामा तेश्रो पटक भएको मतदानमा भण्डारीलाई २९ प्रदेश सभा सदस्यले मत दिएका थिए। बहुमतका लागि २७ सदस्यको समर्थन आवश्यक पर्ने सुदूरपश्चिम प्रदेशमा भण्डारीले २९ मत पाएपछि जेष्ठ प्रदेश सभा सदस्य शिवराज भट्टले निर्वाचित भएको घोषणा गरेका हुन्।

आज बसेको प्रदेश सभा बैठकमा ५२ जना प्रदेश सभा सदस्य उपस्थित रहेकोमा भण्डारीको विपक्षमा २३ प्रदेश सभा सदस्यले मतदान गरेका थिए। भण्डारी नेकपा माओबादी केन्द्रका ११, नेकपा एमोका १०, नागरिक उन्मुक्ति पार्टीका ७ र राप्रपाका एक जना प्रदेश सभा सदस्यको समर्थनमा सभामुख बनेका हुन्।

प्रदेश सभामुखका अर्का उम्मेदवार नेपाली कांग्रेसबाट निर्वाचित प्रदेश सभा सदस्य मान बहादुर रावलले भने २३ मत मात्रै पाएका थिए। उक्त मत प्रदेश सभामा तत्काल कायम रहेको प्रदेश सभा सदस्य संख्याको बहुमत नपुगेको भन्दै जेष्ठ प्रदेश सभा सदस्य भट्टले अस्वीकृत गरेका थिए।

रावललाई नेपाली कांग्रेसका १९ र नेकपा एकिकृत समाजबादी पार्टीका ४ प्रदेश सभा सदस्यले समर्थन दिएका थिए।

सभामुखमा निर्वाचित भण्डारीले २०५२ साल देखि राजनीति गर्दै आएका छन्।

नेकपा एमालमा आबद्ध रहेर राजनीति थालेका भण्डारी २०५८ मा नेकपा माओबादी केन्द्रमा प्रवेस गरेका थिए। उनले दोन्द्धकालमा भुमीगत राजतीति गरेका थिए। शान्ति प्रक्रिया पछि निरन्तर नेकपा आमोबादी केन्द्रमै रहेर राजनीति गरेका भण्डारीको विगतको छवि इमान्दार राजीति कर्मीका रुपमा परिचित छ।

युवालाई सम्मान गर्दै हरेक क्षेत्रमा युवाको भुमिका दिलाउन कटिबद्ध हुँदै आएका भण्डारी विकास निर्माणका काममा बढी चासो राख्ने गर्दछन्।

एमालेको अनेरास्ववियु बाँकेको जिल्ला सचिव समेत भईसकेका भण्डारी २०५८ सालमा भने नेकपा माओवादी केन्द्रमा प्रवेश गर्दै भुमिगत बने।

त्यसपछि माओवादी शान्ति प्रक्रियामा आएपछि उनी पार्टीको जिल्ला सचिव समेत बनेका थिए। त्यसबाहेक उनले विभिन्न जनवर्गिय संगठनको पनि जिम्मेवारी सम्हालेका छन्।

## मंगलबार नै पदभार ग्रहण

सुदूरपश्चिम प्रदेशका नवनिर्वाचित सभामुख भीमबहादुर भण्डारीले मंगलबार नै पद तथा गोपनियताको सपथ लगेर पदभार ग्रहण गरेका छन्।

प्रदेश प्रमुख देवराज जोशीले भण्डारीलाई पद तथा गोपनियताको सपथ खुवाए लगत्तै प्रदेशसभा पुगेर उनले पदभार सम्हालेका छन्। पदभार सम्हाले लगत्तै उनले सर्वदलीय बैठक बोलाएका हुन्।

सभामुख निर्वाचित भण्डारीले प्रदेशसभा सहभागी सबै दलहरुसंग हातेमालो गरेर अघि बढ्ने बताए। 'सुदूरपश्चिमको विकास मानव सुचाङ्कका हिसावले धैरै पछाडि परेको क्षेत्र हो,' उनले भने, 'प्रदेशको स्तर माथि उठाउँदै समृद्ध सुदूरपश्चिमका लागि सबै दललाई साथमै लगेर जानुछ।'

विगतमा भए गरेका कामहरुलाई पनि निरन्तरता दिँदै प्रदेशलाई संघीयताको एउटा आधारको रुपमा स्थापित गर्ने उनको भनाई छ। सुदूरपश्चिममा तेस्रोपल्ट सभामुखका लागि भएको निर्वाचनबाट उनी सभामुखमा २९ मत प्राप्त गर्दै निर्वाचित भएका हुन्।

यसअघि दुईपल्ट भएको निर्वाचनमा बहुमत नपुग्दा उनी सभामुख चयन हुन सकेका थिएनन। पहिलोपल्ट भएको निर्वाचनमा उनका पक्षमा बहुमत पुग्न १ मत कम परेको थियो। त्यसबेला नागरिक उन्मुक्ति पार्टी (नाउपा)का लक्ष्मणकिशोर चौधरी र एमालेका चक्र मल्ल अनुपस्थित भएका थिए भने एक म तबदर भएको थियो।

दोस्रोपल्ट भएको निर्वाचनमा नाउपाका सांसदहरुले निर्वाचनमा भाग नलिदा उनका पक्षमा बहुमत पुगेको थिएन। त्यसपछि नाउपाका सांसदहरुसँग भएको छलफलमा उनीहरुको माग पूरा गर्ने प्रतिबद्धता आएपछि मंगलबार उनीहरुले मत दिएका हुन्। जसबाट तेस्रोपटकमा भण्डारी सभामुख बन्न सके।

यसै गरी सुदूरपश्चिम प्रदेशको उप सभामुखमा कोइली देवि चौधरी निर्वाचित भएकिछन्। उनि समानुपातिक निर्वाचन प्रणाली मार्फत नेकपा एमाले बाट प्रदेश सभा सदस्य चुनिएकि थिइन्।

उपसभामुका लागि मंगलबार भएको निर्वाचनमा २८ प्रदेश सभा सदस्यको समर्थन पाउँदै चौधरी निर्वाचित भएकिहुन्। उनको विपक्षमा २३ मत खसेको थियो।

चौधरीलाई नेकपा माओबादी केन्द्र, नेकपा एमाले, नागरिक उन्मुक्ति पार्टी र राप्रपाले समर्थन गरेको हो, भने नेपाली कांग्रेस, नकपा एकिकृत समाजबादी पार्टी र एक जना स्वतन्त्र प्रदेश सभा सदस्यले चौधरीलाई उप सभामुख बनाउने प्रस्तावको विपक्षमा मतदान गरेको थियो। नेकपा माओबादी केन्द्रका तर्फबाट निर्वाचित प्रदेश सभा सदस्य भीम भण्डारी सभामुखमा निर्वाचित भएपछि प्रदेशमा शत्ता गठबन्धनको एक मत घटेको छ।

प्रदेश उप सभामुखमै उम्मेदवार रहेकी नेकपा एकिकृत समाजबादी पार्टीकी माया पन्तले भने २४ मत मात्रै प्राप्त गरेकी थिइन्। प्रदेश सभाको तत्कालिन कायम रहेका सदस्य संख्याको बहुमत अर्थात २७ सदस्य सदस्यको समर्थन नपाएपछि सभामुख भण्डारीले उनको उम्मेदवारी अस्वीकृत गरेका हुन्। पन्त समानुपातिक निर्वाचन प्रणाली मार्फत नेकपा एकिकृत समाजबादी पार्टीबाट प्रदेश सभा सदस्य चुनिएकि थिइन्।

सभामुख र उपसभामुख फरक फरक दलको हुनुपर्ने व्यवस्था बमोजिम नेकपा एमालेले आफनो उम्मेदवारलाई अघि बढाएको हो, भने नेकपा एसले पनि उम्मेदवार तोकेको हो। सुदूरपश्चिममा सभामुखका लागि नेकपा माओबादी केन्द्र र नेपाली कांग्रेसले उम्मेदवार तोकेका थिए।

# बडघर छान्दै थारु समुदाय




कैलारी गाउँपालिका-५, जबदहवा टोलमा चयन भएका भलमन्सा संगै सहयोगीहरु

**पोष्ट संवाददाता**
धनगढी। कैलारी गाउँपालिका-५ स्थित जबदहवा टोलले यस वर्षका लागि गर्भु चौधरीलाई भलमन्सा छानेको छ। थारु समुदायमा भव्यताका साथ मनाउने माघी पर्व सँगै टोल टोलमा भलमन्सा र बडघर चुनिने गर्दछन्।

माघीको दोस्रो दिनदेखि नै थारू समुदायमा बडघर तथा भलमन्सा छान्ने परमपरा रहेको छ। 'माघीको पहिलो दिन नदी तलाउमा नुहाएपछि आशीर्वाद आदानप्रदानपछि अर्को दिनदेखि बरघर, भलमन्सा छान्ने गरिन्छ, अहिले हामी बरघर छान्नका लागि भेला भएर छलफल गरिरहेका छौँ,' बेदकोट नगरपालिका-५ का सुरज चौधरीले भने, 'टोल-टोल, गाउँ-गाउँमा बरघर/भलमन्सा छान्ने गरिन्छ।'

उनका अनुसार गाउँ बस्तीमा हुने सामाजिक कार्यदेखि अन्य गतिविधिको नेतृत्व गर्न बरघर छान्ने गरिन्छ। बरघररभलमन्साकै नेतृत्व र निर्णयका आधारमा गाउँमा हुने सामाजिक कार्यहरूमा सबैको सहभागिता हुने प्रचलन छ थारू समुदायमा छ।

'माघी मनाएपछि बरघर छान्न सुरु भएको छ, यो प्रक्रिया एक हप्तासम्मै हुन्छ,' बेदकोट नगरपालिका-५ का प्रदीप डगौराले भने। थारू बस्तीमा माघी सकिएसँगै बरघर र भलमन्सा छान्ने चटारो छ। बेदकोट नगरपालिका-७ स्थित मन्दिरपुरमा प्रेमबहादुर डगौरा दोस्रो पटक बरघर छानिएका छन। यो टोलमा ६२ परिवार छन्। उनीहरुले प्रेमबहादुरलाई बरघर छानेका हुन्। माघी सकिएको एक हप्तासम्म थारू बस्तीमा बरघर तथा भलमन्सा छान्ने चटारो हुने गरेको प्रेमबहादुर डगौराले बताए।

'एक हप्तासम्म सबै गाउँटोलमा बरघर छनोट गरिसक्छन्' उनले भने 'परापूर्वकालदेखि चल्दै आएको चलन हो, हामीले पनि त्यसै अनुसार बरघर चयन गर्छौं।'

माघी पर्वलाई थारू समुदाय सबैभन्दा ठूलो चाडपर्वका रुपमा लिन्छन्। माघीलाई नयाँ वर्षका रुपमा हर्षोल्लासका साथ मनाउने गरेको थारू अगुवा धिरेन्द्र डगौराले बताए।

बेदकोट नगरपालिकाको लालपुरका डगौरा पनि बरघरमा चयन भएका छन। 'समुदायमा बरघर छानेजस्तै घरपरिवारमा पनि मूली छानिन्छ,' उनले भने 'घरमा एक वर्षमा भएका कामको समीक्षासँगै आगामी कामको योजनासमेत बनाइन्छ।'

यस्तै, थारू समुदायले घरमा पुरानै मूली बनाउने वा नयाँ मूली छान्ने भन्ने निर्क्यौल पनि माघीमै गर्छन्। माघी सकिएपछि वर्षभरिका कामको लेखाजोखासँगै टोल/गाउँमा बरघर छान्ने चलन थारू समुदायमा छ।

# दामोदर भण्डारीले पाए उद्योग मन्त्रालयको जिम्मेवारी



**पोष्ट संवाददाता**
धनगढी। बैतडीबाट प्रतिनिधी सभामा निर्वाचित नेकपा एमालेका सुदूरपश्चिम प्रदेश कमिटि अध्यक्ष दामोदर भण्डारीले उद्योग मन्त्रालय पाएका छन्। पुस ११ गतेनै मन्त्रीमा नियुक्त भएका भण्डारीलाई मंगलबार मात्रै नेकपा एमालले आफ्नो भागमा परेको उद्योग मन्त्रालयको जिम्मेवारी दिएको छ। भण्डारी २०७२ सालमा केपी शर्मा ओली नेतृत्वको सरकारमा अर्थ राज्यमन्त्री थिए।

उनी मंसीर ४ को निर्वाचनमा नेकपा (माओवादी केन्द्र) का नरेन्द्रबहादुर कुँवरलाई पराजित गर्दै बैतडीबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका हुन्। २०७० र २०७४ सालमा पनि उनी सांसद बनेका थिए।

भण्डारी एमाले सुदूरपश्चिम प्रदेश कमिटीका अध्यक्ष हुन्। २०४८ सालमा अनेरास्ववियू बैतडी जिल्ला कमिटीको अध्यक्ष बनेका भण्डारी २०५० मा एमालेको बैतडी जिल्ला कमिटी सदस्य बने। बैतडी जिल्ला अध्यक्ष हुँदै २०७५ सालमा नेकपाको सुदूरपश्चिम प्रदेश कमिटी सदस्य समेत बनेका थिए।

आज नियुक्त भएका नयाँ मन्त्रीहरूले शपथ लिएका छन्। राष्ट्रपति विद्यादेवी भण्डारीले उपप्रधानमन्त्री राजेन्द्र लिङ्देनसहित नयाँ मन्त्रीहरूलाई मंगलबार दिउँसो शितल निवासमा शपथ खुवाएकी हुन्। लिङ्देन ऊर्जा, जलस्रोत र सिँचाइ मन्त्री भएका छन्। राप्रपाबाटै ध्रुबबहादुर प्रधान कानून मन्त्री भए, बिक्रम पाण्डे सहरी विकास मन्त्री र दीपक सिंह ऊर्जा राज्यमन्त्री भएका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिशिर खनाल शिक्षामन्त्री, डिपी अर्याल श्रम मन्त्री र तोसिमा कार्की स्वास्थ्य राज्यमन्त्री भएकी छन्। नेकपा माओवादी केन्द्रबाट रेखा शर्मा सञ्चारमन्त्री, सुदन किराती संस्कृति, पर्यटन मन्त्री, अमनलाल मोदी संघीय मामिला तथा सामान्य प्रशासन **(बाँकी ३ पेजमा)**

# गोदावरीमा प्रदेश राजधानीका लागि हस्ताक्षर अभियान

**पोष्ट संवाददाता**
धनगढी। सुदूरपश्चिम प्रदेश सरकारले स्थायी राजधानी कायम गरेको गोदावरीलाई कार्यान्वयन गर्नुपर्ने भन्दै हस्ताक्षर अभियान सुरु गरिएको छ। अत्तरिया उद्योग वाणिज्य संघले प्रदेशको स्थायी राजधानी कार्यान्वयन गर्न भन्दै हस्ताक्षर अभियान थालेको हो।

अत्तरियामा जारी महोत्सवको मुल गेटमा राजधानी कार्यान्वयनका लागि दबाब दिन सर्वसाधारणको हस्ताक्षर संकलन गर्न थालिएको अत्तरिया उद्योग वाणिज्य संघका अध्यक्ष अशोकराज देबकोटाले बताए।

कैलालीको गोदावरीमा राजधानी घोषणा भएपनि अहिले सम्म कार्यान्वयनमा आउन सकेको छैन्। निर्णय कार्यान्वयनका लागि दबाब दिन महोत्सव अवधिभर हस्ताक्षर संकलन गरिने देवकोटाले बताए। संकलित हस्ताक्षर सरकारलाइ बुझाइने देवकोटाले बताए।

# बर्षा नहुँदा पहाडी जिल्लामा बाली सुक्दै

**पोष्ट संवाददाता**
धनगढी। लामो समय सम्म बर्षा नहुँदा सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा लगाइएको हिउदे बाली सुक्न थालेको छ। हिउँदे वाली अन्तरगत गहुँ, जौं, आलु, फापर लगायतका अन्न बाली लगातारको खडेरीका कारण सुक्न थालेपछि किसान चिन्तित बनेका छन्।

यो बर्ष हिउँदे वर्षा नहुँदा गहुँ बाली सुक्न थालेको डडेल्धुराको आलिताल गाउँपालिका -२ का किसान देवराज भट्टले बताए। खेतमा लगाएको गहुँ बाली सुक्न थालेपछि भोकमरी हुने भन्दै उनी जस्तै अन्य किसानहरू पनि चिन्तित बनेका छन्।

डडेल्धुरामा आठ हजार सात सय ४४ हेक्टर क्षेत्रफलमा गहुँ खेती हुँदै आएको छ। गत बर्ष पनि ठुलो खडेरीले गर्दा १.५ मेट्रिकटन प्रति हेक्टर मात्रै गहुँ उत्पादन भएको कृषि ज्ञान केन्द्र डडेल्धुराका प्रमुख रामचन्द्र भट्टले जानकारी दिए। गत बर्ष खडेरीले गहुँ उत्पादकत्वमा कमी आएको र यो बर्ष पनि खडेरीका कारण गहुँ बाली उत्पादनमा ह्रास आउन सक्न कृषि ज्ञान केन्द्रले जनाएको छ।

# मानवअधिकार छोडौं, जैविक अधिकार खोजौं

**मोहन तिम्सिना**

मानवअधिकारको विश्व घोषणापत्र जारी भएको ७८ वर्ष भयो । यो घोषणापत्रको पूरकका रूपमा यो बीचमा थुप्रै महासन्धि जारी भए । तर विश्वभर मानवअधिकार उल्लंघनका घटना कम भएनन् ।

बरु युद्ध, गरिबी, लैंगिक विभेद, साम्प्रदायिक अतिवाद र निरंकुशता जस्ता परिघटनामा मानवअधिकार कुण्ठित भइरह्यो । मानवअधिकारको नाम जप्दा-जप्दै सिंगो प्रकृति र पर्यावरण ध्वस्त भयो ।

किन यस्तो भयो ? आज यो सवालको जवाफ खोज्न जरूरी भएको छ । तर आजका 'मानवअधिकारवादी' यस्ता विषयमा संवेदनशील देखिँदैनन् । 'मानवअधिकार' शब्द जति मोहक छ, यसभित्रको अवधारणा उति नै अप्राकृतिक र अमानवीय छ । वास्तवमा मानवअधिकारको अवधारणामै खोट थियो । जसका कारण 'मानवअधिकारको घोषणापत्र' ले मानवअधिकारको रक्षा गर्न सकेन । प्रकृति र पर्यावरणको पनि रक्षा गर्न सकेन ।

**उत्कृष्टताको भ्रम**

मानवअधिकारको अवधारणा यस्ता मानिसले तयार गरे, जो मानव जातिलाई उत्कृष्ट प्राणी मान्दथे । यिनीहरू मानिसको बुद्धिप्रति गर्व गर्दथे । बुद्धिका सहाराले मानिसले संसारका सबै रहस्य थाहा पाउन सक्छ भन्ने विश्वास गर्दथे ।

उनीहरूको धारणामा अधिकारका कुरा केवल मानव जातिका लागि मात्र सान्दर्भिक छन्, गैरमानव जीवनलाई यी कुरा असान्दर्भिक छन् । वनस्पति र गैरमानव जीव केवल मानिसको 'उपभोग्य वस्तु' हुन् ।

मानवअधिकारको अवधारणा यस्तै धारणा राख्ने मानिसले तयार गरे । यसकारण 'मानवअधिकार' ले महत्व पायो, 'गैर मानवअधिकार' ले पाएन । हिजो शास्त्रीय विज्ञानको युगमा यस्तो धारणालाई स्वाभाविक मान्न सकिन्थ्यो । आजको आधुनिक विज्ञानको युगमा स्वाभाविक मान्न सकिन्न । कारण, आधुनिक विज्ञानले मानिसलाई उत्कृष्ट प्राणी मान्दैन ।

आधुनिक विज्ञानका विधा भन्दछन्- मानिस कुनै पनि अर्थमा उत्कृष्ट प्राणी होइन । ब्रह्माण्ड यति विराट छ, त्यसको तुलनामा मानिसको बुद्धि अति छुद्र चिज हो । मानिसको बुद्धि संसारका रहस्य जान्न र बुझ्न पर्याप्त छैन । मानवीय बुद्धिले जीवन र जगतको सत्य बोध गर्न कहिल्यै सक्दैन । बुद्धिले सत्य जस्तै लाग्ने भ्रम (माया) मा मानिसलाई अल्मल्याउँछ ।

हामी आम मानिस यस्तै भ्रम (माया) मा बाँचिरहेका हुन्छौं । यसकारण हामी गैरमानव जीवभन्दा भिन्न छैनौं । हाम्रो चेतनामा रहेको 'माया' ले नै 'मानिस उत्कृष्ट छ, पशु-पक्षी निकृष्ट छन्' भन्ने भ्रमपूर्ण धारणा पैदा गर्दछ । यथार्थमा मानव र गैरमानव, दुवै जीवनमा तात्विक अन्तर छैन । दुवैको जीवन उस्तै हो ।

साधारण उदाहरणबाट पनि यो कुरा बुझ्न सकिन्छ । जस्तो कि, बुद्धिका आधारमा मानिसलाई उत्कृष्ट प्राणी मान्ने हो भने सुँघेर थाहा पाउन सक्ने क्षमताका आधारमा कुकुरलाई पनि उत्कृष्ट प्राणी भन्नु पर्‍यो । टाढासम्म देख्न सक्ने क्षमताका आधारमा चिललाई पनि यसै भन्नु पर्‍यो । उफ्रिन सक्ने क्षमताका आधारमा उपियाँलाई पनि उत्कृष्ट प्राणी भन्नु पर्‍यो ।

तर यसो भन्नु ठिक होइन । किनकि, यस्ता गुण प्राणी विशेषका विशिष्ट गुण मात्र हुन्, उत्कृष्टताको परिचायक होइनन् । मानिसको बुद्धि पनि यस्तै विशिष्ट गुण मात्र हो, उत्कृष्टताको परिचायक होइन । यो संसारमा कोही पनि उत्कृष्ट जीव छैन । सबै प्राणीको जीवन उस्तै हो ।

प्राणीहरू बीचमा उत्कृष्टता-निकृष्टताको धारणा नै असान्दर्भिक कुरा हो । अमूक प्राणीलाई उत्कृष्ट मान्ने वित्तिकै यो संसारमा त्यो प्राणीको मनपरी सुरु हुन्छ । आजसम्म भएकै यही हो । यसकारण मानवअधिकारको अवधारणा उपयुक्त छैन ।

**क्षमताको भ्रम**

मानवअधिकारको अवधारणा ल्याउने पात्रहरूको अर्को भ्रम, यिनीहरू अरू प्राणीको तुलनामा मानिससँग विशेष क्षमता छ भन्ने मान्दथे । मानिसभित्र आफ्नो भलो-कुभलो छुट्याउन सक्ने क्षमता हुन्छ । सभ्यता र संस्कृति निर्माण गर्न सक्ने क्षमता हुन्छ । अरू प्राणीमा यो क्षमता हुँदैन । यसकारण अधिकारको धारणा केवल मानिसमा लागू हुन्छ । उनीहरूमा यस्तो धारणा थियो ।

यो पनि भ्रमपूर्ण धारणा नै हो । यथार्थमा मानिस 'अरूभन्दा क्षमतावान' प्राणी नै होइन । यो संसारमा सबैभन्दा कमजोर बच्चा मानिसको नै जन्मन्छ । मानिसको बच्चा आफैं खान र हिंड्न सक्ने हुन कम्तीमा वर्ष दिन लाग्छ । तर पशुपक्षीको बच्चा जन्मिएको केही घण्टामै आफैं हिंड्न र खान सक्ने हुन्छन् ।

मानिसको बच्चा हुर्कन अस्पताल, डाक्टर र औषधि जरूरी हुन्छ । हुर्किएपछि उसलाई स्कुल कलेज जरूरी हुन्छ । तब बल्ल ऊ जीवनको इलम सिक्न सक्ने बन्दछ । तर जंगलमा पशुपक्षीका बच्चा विना अस्पताल, डाक्टर र औषधि पनि जन्मन्छन्, हुर्कन्छन् । विना स्कुल, कलेज, जीवनको इलम सिक्छन् र आफ्नो प्रजातिको रक्षा गर्न सक्षम बन्दछन् ।

मानिसका बच्चाले पनि यो धर्तीमा गर्ने भनेको जम्माजम्मी यति नै हो, अर्थात् आफ्नो प्रजातिको रक्षा । तर मानिसका बच्चालाई नियम कानुनले बाँध्न अनिवार्य हुन्छ । अर्ति-उपदेश दिनुपर्ने हुन्छ । अभक्ष खान, अशुभ कर्म गर्नबाट बचाउनु/रोक्नुपर्दछ । हातमा 'शिक्षा' को डिग्री हुन्छ । तर सुख बढाउने भ्रममा मानिसको बच्चा सभ्यता, संस्कृति र पर्यावरण नै मास्न उद्यत हुन्छ । अन्ततः उसले आफ्नै प्रजातिप्रति घात गरिरहेको पनि थाहा पाउँदैन ।

हातमा 'शिक्षा' को डिग्री हुन्छ । तर सुख बढाउने भ्रममा मानिसको बच्चा सभ्यता, संस्कृति र पर्यावरण नै मास्न उद्यत हुन्छ । अन्ततः उसले आफ्नै प्रजातिप्रति घात गरिरहेको पनि थाहा पाउँदैन ।

पशुपक्षीको संसारमा यस्तो बिल्कुलै हुँदैन । उनीहरूलाई कसैले अर्ति-उपदेश दिनुपर्दैन । नियम-कानुनले बाँध्नु पनि पर्दैन । उनीहरू कहिल्यै अभक्ष खाँदैनन् । अशुभ कर्म पनि गर्दैनन् ।

चित्रकला र इन्जिनियरिङ नसिकाए पनि आफ्नो प्रजातिको परम्परा अनुसारको गुँड बनाउन जान्दछन् । प्रजातिको परम्परा अनुसारको खानेकुरा खाएर-ख्वाएर आफ्नो प्रजातिको रक्षा गर्न जान्दछन् । जस्तोसुकै संकट परोस्, पशुपक्षीले कहिल्यै आफ्नो प्रजातिको घात गर्दैनन् । यसरी हेर्दा त मानव भन्दा गैरमानव प्राणी क्षमतावान छ भन्नु पर्‍यो ।

तर यसो भन्नु पनि गलतै हुन्छ । कारण, यो संसारमा कुनै प्राणी क्षमतावान र कुनै क्षमताहीन भन्ने नै हुँदैन । सबै प्राणी आ-आफ्ना स्वभावका हुन्छन् । प्राणी विशेषका स्वभावलाई तुलना गर्न मिल्दैन । सबै जीव-जगत मौलिक र सार्वभौम छन् । यसकारण सबै प्राणी उत्तिकै महत्वका छन् । मानव र गैरमानव दुवै जीव उत्तिकै क्षमतावान छन् । यस अर्थमा मानवअधिकारको अवधारणा एकाङ्गी छ ।

**विभाजनमुखी पद्धति**

मानवअधिकारको अवधारणा शास्त्रीय चिन्तनको उपज हो । यसमा पाश्चात्य विज्ञानको एरिस्टोटलियन परम्पराले काम गरेको छ । एरिस्टोटल भन्थे रे- संसार 'विपरीत तत्व' ले बनेको छ । 'विपरीत तत्व' आपसमा कहिल्यै मिल्न सक्दैनन् । जस्तो कि, अँध्यारो र उज्यालो बीचमा कहिल्यै मिलन हुँदैन ।

मानिसले जीवनमा 'विपरीत तत्व' मध्ये कुनै एकलाई स्वागत र अर्कोलाई निषेध गर्नुपर्दछ । प्रकृतिले बिमारी पैदा गर्दछ, त्यसकारण प्रकृतिसँग लड्नुपर्दछ । प्रकृतिमाथि विजय हासिल गर्नुपर्दछ ।

'पुनर्जागरणकाल' का दार्शनिक रेने डेकार्टले एरिस्टोटलको यही पद्धति पक्रिएर मन र शरीर (माइण्ड र म्याटर) को विभाजन गरे । उनको विचारमा मन भनेको 'सोच्ने अंग' (थिंकिंग थिंग) र शरीर भनेको 'विस्तारित अंग' (एक्सटेन्डेड थिंग) हो । यी दुई आपसमा स्वतन्त्र र अलग चिज हुन् ।

केही समयपछि अर्को वैज्ञानिक सिमोन लाप्लासले 'वैज्ञानिक निर्धारणवाद' को सिद्धान्त ल्याए । उनले हरेक परिघटनालाई कार्य र कारणमा विभाजन गर्न सकिन्छ भने । यसैलाई 'वैज्ञानिक निर्धारणवाद' को सिद्धान्त भनियो । यो सिद्धान्तले हरेक परिघटनालाई कार्य र कारणमा, प्रधान र गौणमा विभाजन गर्न सिकायो । प्रधान भन्नाले कारण तत्व र गौण भन्नाले कार्य तत्व ।

यस प्रकारको विभाजनमुखी पद्धतिले समग्र चिन्तन प्रणालीलाई नै एकांगी बनाइदियो । तब 'समग्र' बाट 'अंश' को विभाजन, ब्रह्माण्डबाट कणको विभाजन, पदार्थबाट चेतनाको विभाजन, शरीरबाट मनको विभाजन, 'स्थान' बाट 'समय' को विभाजन गर्ने परम्परा विकास भयो ।

यस्तै चिन्तन पद्धति सामाजिक क्षेत्रमा विस्तार हुँदा लोक र नायक, व्यक्ति र समाज, वर्ग र जाति, नैतिकता र अनैतिकता, सुशासन र कुशासन, राष्ट्र र अन्तर्राष्ट्र आदि तत्वका बीच विभाजन ल्याउने परम्परा विकास भयो ।

*मानिसका बच्चाले पनि यो धर्तीमा गर्ने भनेको जम्माजम्मी यति नै हो, अर्थात् आफ्नो प्रजातिको रक्षा । तर मानिसका बच्चालाई नियम कानुनले बाँध्न अनिवार्य हुन्छ । अर्ति-उपदेश दिनुपर्ने हुन्छ । अभक्ष खान, अशुभ कर्म गर्नबाट बचाउनु/रोक्नुपर्दछ । हातमा 'शिक्षा' को डिग्री हुन्छ । तर सुख बढाउने भ्रममा मानिसको बच्चा सभ्यता, संस्कृति र पर्यावरण नै मास्न उद्यत हुन्छ । अन्ततः उसले आफ्नै प्रजातिप्रति घात गरिरहेको पनि थाहा पाउँदैन ।*

यस्तै परम्पराले मानव र गैरमानवबीच पनि विभाजन पैदा गर्‍यो । मानवलाई प्रधान, उत्कृष्ट र क्षमतावान मानियो । गैरमानवलाई गौण, निकृष्ट र क्षमताहीन मानियो । मानवअधिकारको अवधारणा यस्तै चिन्तन पद्धति भित्रबाट पैदा भयो ।

आजको विज्ञानले यो कुरा मान्दैन । आधुनिक विज्ञान भन्छ- प्रकृतिमा विभाजन छैन, अन्तरसम्बन्ध छ । मानिस स्वयं प्रकृति हो । मानिसको प्रकृतिसँगको सम्बन्ध संघर्षको होइन, सहकार्यको हो ।

प्रकृतिका कुनै पनि तत्व 'स्वतन्त्र' छैनन् । प्रकृतिमा देखिने जस्तोसुकै विविधतालाई 'विपरीत तत्व' मान्न मिल्दैन । ती सबै परिपूरक र अन्तरसम्बन्धित छन् । पदार्थ र चेतना, सजीव र निर्जीव, शरीर र मन, कण र तरंग, समग्र र अंश, ब्रह्माण्ड र परमाणु, मानव र गैरमानव आदि सबै तत्व परिपूरक सञ्जालमा बाँधिएका छन् ।

यस कारण यो संसारमा मानवजाति मात्रको भलो हुने कुनै उपाय छैन । भलो हुँदा सबैको हुन्छ । कुभलो हुँदा पनि सबैको हुन्छ । मानव जातिको भलो गर्ने हो भने गैरमानवको पनि भलो सोच्नुपर्‍यो । गैरमानव जातिको भलो नसोच्ने हो भने मानव जातिको पनि कुभलो नै हुन्छ । यसको सार, मानवअधिकारको धारणा एकाङ्गी छ । हामीले एकाङ्गी होइन, सर्वाङ्गी बन्नुपर्दछ ।

**विकल्प : जैविक अधिकार**

'मानवअधिकार' अवधारणाको विकल्प 'जैविक अधिकार' को अवधारणा हो । 'जैविक अधिकार' को पहिलो अर्थ, अधिकारको धारणा प्रकृतिका सबै तत्वका लागि सान्दर्भिक छ भन्ने हो ।

दोस्रो, संसारलाई पदार्थ र चेतना, सजीव र निर्जीव, मानव र गैरमानव भनेर भेद गर्नु सान्दर्भिक छैन, सबै चिज सचेतन र जिउँदो छन् भन्ने हो । तेस्रो, अब 'मानवअधिकार' र 'गैरमानवअधिकार' का कुरालाई विना भेदभाव एकै दस्तावेजमा समेट्नुपर्दछ भन्ने हो ।

'जैविक अधिकार' को अवधारणाले 'मानवअधिकार' र 'गैरमानवअधिकार' को धारणालाई परिपूरक मान्दछ । मानवअधिकारको साथमा पशुको अधिकार, पक्षीको अधिकार, खोलाको अधिकार, हिमालको अधिकार, जंगलको अधिकार, हावाको अधिकार, पानीको अधिकार, माटोको अधिकार आदि धारणालाई अभिन्न मान्दछ ।

अब हामीले अधिकार सम्बन्धी प्रचलित अवधारणा सच्याउनुपर्दछ । विश्व सम्मेलनद्वारा 'मानवअधिकार'को अवधारणालाई 'जैविक अधिकार' को धारणाले प्रतिस्थापित गर्नुपर्दछ । 'जैविक अधिकार' का वैश्विक मापदण्ड र सूचक निर्धारण गर्नुपर्दछ । यसका मुलुकसापेक्ष अलग-अलग मापदण्ड र सूचक पनि निर्धारण गर्नुपर्दछ । तब मात्र मानव र गैरमानव दुवैको भलो हुन्छ । **(साभार : अनलाइन खबरबाट)**

# प्रतिपक्ष बिनाको संसद: राष्ट्रिय पञ्चायतको झल्को

**राम नारायण देव**

संसदीय लोकतान्त्रिक व्यवस्थामा प्रतिपक्ष बिनाको संसदको कल्पना गरिन्न । जहाँ प्रतिपक्ष हुँदैन, त्यहाँ निरंकुशता, अधिनायकत्वताको खतरा हुन्छ । लोकतन्त्रमाथि नै प्रहार भई मृत अवस्थामा पुग्न सक्दछ ।

विश्वका संसदीय लोकतन्त्र अङ्गाल्ने देशहरूमा सत्तापक्षलाई सचेत र सतर्क गराउन प्रतिपक्षको अहम् भूमिका हुन्छ । प्रतिपक्ष न हुँदो हो त सत्तापक्ष स्वेच्छाचारी भई लोकतन्त्रको घाँटी निमोठ्न सक्छन् । त्यसैले, लोकतान्त्रिक मूल्य, मान्यतालाई सुरक्षित राख्न संसदमा प्रतिपक्षको भूमिका महत्त्वपूर्ण हुन्छ ।

सत्ता पक्ष सरकारको नेतृत्व गर्दछ भने प्रतिपक्ष छाया सरकारको हैसियतमा हुन्छ । नेतृत्व गर्ने सरकार जस्तै प्रतिपक्षले पनि विभिन्न मन्त्रालय हेर्ने छाया मन्त्रिमण्डल गठन गरेको हुन्छ ।

कहीँ कतै कमी कमजोरी देखिएमा प्रतिपक्षले संसदमा आवाज उठाउँछन् र सुधार्न दबाब दिन्छन् । संसदमा सत्तापक्षको व्यवहार देखेर नै प्रतिपक्षले प्रतिक्रिया व्यक्त गर्छन् । संसदमा प्रतिपक्षको सिर्जनात्मक र रचनात्मक प्रयास जब असफल हुन्छ, तब कठोर कदम चाल्न बाध्य हुन्छन् ।

यसरी कहिलेकाहीँ संसदभित्र भिडन्त भएको पनि इतिहास छ । केही वर्षअघि माओवादी सांसदहरूले बजेट अधिवेशनमा संसदभित्रै भिडन्त गरी कुर्सी हानाहान गरेको दृष्टान्त पनि छ ।

यसरी संसद् सुचारु रूपले सञ्चालन गर्ने पक्ष-प्रतिपक्षलाई, सन्तुलनमा राखी सभामुखको त प्रमुख भूमिका त छँदै हुन्छ, त्यसपछि प्रतिपक्षमा बस्ने दलहरूको पनि । सभामुखको रुलिङलाई पक्ष-विपक्षले मान्नुपर्ने संसदीय मर्यादाभित्र आउँछ ।

सत्तापक्ष भन्दा बढी प्रतिपक्षी आक्रामक हुन्छ । कुनै न कुनै निहुँ खोजिरहनु पर्छ प्रतिपक्षले । त्यसैले सत्तापक्ष बडो संयमपूर्ण भएर प्रस्तुत हुनु पर्दछ । नत्र संसदको कारबाही अनियन्त्रित र अराजक हुन जान्छ । यसरी प्रतिपक्षको संसद्मा महत्त्वपूर्ण भूमिका हुन्छ ।

तर गत पुस २६ गते नवगठित सरकारले विश्वासको मतका लागि संसदमा प्रस्ताव राख्दा नयाँ गठबन्धन सरकार भन्दा बाहिर रहेको प्रतिपक्षी दल नेपाली काँग्रेसले पनि विश्वासको मत दिँदा राजनीतिक वृत्तमा नयाँ विवाद सुरु भएको छ । प्रतिपक्षमा रहेको काँग्रेसले विश्वासको मत दिनुमा के रहस्य छ भन्ने व्यापक चर्चाको विषय बनेको छ ।

काँग्रेसले नयाँ गठबन्धनको सरकारलाई विश्वासको मत दिएपछि संसदमा सशक्त प्रतिपक्ष नरहेकोमा बौद्धिक र राजनीतिक वृत्तमा चिन्ता थपिएको छ । सरकारलाई संसदका दुई वटा साना दल, जसको एक एक वटा मात्रै सांसद छन्, जनमोर्चा र नेपाल मजदुर किसान पार्टीले मात्र विश्वासको मत दिएनन् । यसरी मौजुदा संसद् सदस्यहरूमध्ये ९९ प्रतिशतले विश्वासको मत दिए ।

वर्तमान प्रम प्रचण्ड नेतृत्वको गठबन्धनले सरकार गठनका लागि १६९ जनाको सामान्य बहुमत पुर्‍याएकै थियो । गठबन्धन बाहिर रहेका काँग्रेसलगायत दलहरूको विश्वासको मतको आवश्यकतै थिएन । तापनि काँग्रेसले प्रतिपक्षमा नबसी विश्वासको मत दिनुमा खास के कारण छ भन्ने सर्वत्र चासोको विषय बनेको छ ।

काँग्रेस पार्टी बैठकमा गगन थापा, विश्वप्रकाश शर्मा, अर्जुन नरसिंह केसी र बलबहादुर केसीहरूले विपक्षीमै भोट हाल्नुपर्छ भन्ने फरक मत राखेका थिए । अनि पार्टीमा फरक मत हुँदाहुँदै सभापति देउवाले सबै सांसदहरूलाई प्रचण्ड सरकारको समर्थन किन निर्देशन दिए त ? यसबारे बौद्धिक वर्गमा विभिन्न चर्चा छ ।

एकथरि भन्छन्, सबैभन्दा ठूलो दल भएर पनि प्रतिपक्षमा बस्नुपर्ने बाध्यात्मक अवस्थाबाट छटपटाई रहेको बेला अझै कुनै बाटो प्रयोग गरेर आफ्नै नेतृत्वमा सरकार बनाउने दाउमा रहेको देखिन्छ काँग्रेस । त्यसैले काँग्रेसले माओवादीलाई पुनः फकाउने प्रयास गरेको हो । माओवादीलाई पनि एमालेको विश्वास छैन । त्यसैले, माओवादी नेतृत्वले दुवै दलप्रति समान दूरी कायम राखेर जान खोजेको देखिन्छ ।

काँग्रेसको मत पाइसकेपछि माओवादी नेतृत्वको सरकार त बलियो देखिएको छ । तर हालै गठबन्धन तोडेर एमालेसित सत्ताको गाँठो बाँध्न पुगेको माओवादी प्रधानमन्त्रीमा आधा आधा पदावधि बस्ने सहमति गरिसकेको अवस्थामा छ । यदि एमालेले सहमति तोड्यो भने काँग्रेससित गठबन्धन गर्न सक्छ । यसरी पूरा कार्यकालका लागि माओवादीले रक्षा कवचको रूपमा एमाले, काँग्रेसलाई विश्वासमा राख्न खोजेको देखिन्छ ।

यसैबिच संविधानविद्हरुको मिश्रित प्रतिक्रिया आएका छन् । संविधानविद् डा. विपिन अधिकारीको भनाइमा सरकारलाई भोट दिएर पनि प्रतिपक्षमा बस्न सकिन्छ । त्यसलाई संविधानले रोक्दैन । तर त्यो व्यवहारमा पुष्टि हुनु पर्दछ । उनका अनुसार अहिले काँग्रेसले भोट दिनुपर्ने आवश्यकता थिएन । सत्ता गठबन्धनकै भोट पर्याप्त थियो । प्रतिपक्षमा रही वैकल्पिक सरकारको मूल्य मान्यतामा बस्नु पर्दथ्यो ।

अर्का संविधानविद् दिनेश त्रिपाठीले भने काँग्रेसले न सत्तापक्ष, न प्रतिपक्षको अवस्था बनाएर नैतिक र कानुनी रूपमा गम्भीर गल्ती गरेको बताउँछन् । सरकारलाई समर्थन गरेर भोलि प्रतिपक्षको हैसियतले संवैधानिक परिषद्को बैठकमा काँग्रेस कसरी बस्ला ? यसमा नैतिक र कानुनी प्रश्न उठ्ने उनको तर्क छ ।

यसरी काँग्रेसले माओवादी नेतृत्वको सरकारलाई विश्वासको मत दिएर संसदीय व्यवस्थामाथि प्रहार गरेको छ । अब जनमोर्चा र नेमकिपाका एक एक जना सांसद मात्र वैधानिक रूपमा प्रतिपक्षमा छन् । संविधान र परम्परा विपरीत काँग्रेसले समर्थन दिँदा यसको लोकतान्त्रिक निष्ठामा प्रश्न उठेको छ ।

प्रतिनिधिसभामा सबै दलले प्रधानमन्त्री प्रचण्डलाई भोट दिएपछि संसद् प्रतिपक्षविहीन बन्न पुगेको छ । जबकि संसदीय व्यवस्थामा प्रतिपक्ष हुनु अनिवार्य हुन्छ । प्रतिपक्ष विनाको संसदको कुनै अर्थ हुँदैन ।

यसरी अहिले संसद् प्रतिपक्ष विनाको पञ्चायतकालीन राष्ट्रिय पञ्चायत जस्तै भएको छ । निर्दलीय पञ्चायत व्यवस्थामा कुनै राजनीतिक दल थिएन । सबै एउटै पञ्चायतको सदस्यको रूपमा चिनिन्थे । बहुदलीय व्यवस्थामा निर्दलीय पञ्चायती व्यवस्थाको चरित्र देखिनु दुर्भाग्य भएको छ । यसले गणतन्त्र भएर पनि राजतन्त्रको झझल्को दिइरहेको छ । संघीय व्यवस्थामा पनि एकात्मकताको गन्ध छ । सारमा संसद् अब बहुदलीय नभएर एकदलीय हुन पुगेको छ ।

अहिलेको संसदमा राजतन्त्रवादी, गणतन्त्रवादी, लोकतन्त्रवादी, साम्यवादीसँगै सङ्घीयता विरोधीहरू पनि छन् । राजतन्त्रवादीहरू त हाकाहाकी राजालाई पुनः राजदरबारमा फर्काउने कुरा गरिराखेका छन् । यस्तो स्थितिमा संघीय लोकतान्त्रिक गणतन्त्रवादीहरुले चनाखो हुने बेला आएको छ । यसरी संसदीय लोकतन्त्र खतरा मुक्त छैन । विडम्बना संसद् प्रतिपक्षविहीन छ । **(साभार : रातोपाटीबाट)**

# बोकाको दाममा बाघ पाइन्छ ?

**सृजना पोखेल**

पहिले पहिलेको कुरा– आइकनोग्राफी (मूर्ति बनाउने कला) सिक्न जो विद्यार्थी गुरूकुल आउँथे, सुरूमा कति समय त उनीहरू केबल ध्यान मात्र गर्थे रे। एक वर्षसम्म कुनै कालो पत्थरमा चित्र कोर्न सिक्थे रे। अनि बल्ल विस्तारै पिलर र अन्य भाग बनाउन थाल्थे। र अन्त्यमा, मूर्तिको आँखा चाहिँ उसले मात्रै बनाउन पाउँथ्यो जो वर्षौं सिकिसकेको विज्ञ हो।

अहिले सुन्दा पनि अचम्म लाग्छ। त्यो मूर्तिकारलाई यस्तो लाग्ने रे कि ऊ भगवानको मूर्ति होइन, स्वयं भगवान नै बनाउँदै छ। अनि भगवानकै आँखामा आँखा जुधाउने आँट त कसरी गर्नु?

त्यसैले मूर्तिका आँखा बनाउँदा, ऊ आफ्ना आँखा झुकाउँदै, लुकेजसरी बनाउँथ्यो अरे। आफ्नो आँखा सिधा नगरी मूर्तिमा भावसहितको आँखा बनाउन कति ठूलो साधना चाहिन्छ होला !

केही समयअघि मैले यस्तै संस्कारका मूर्तिकारलाई भेटेकी थिएँ, भारत तमिल नाडुका। उनलाई उग्र नरसिंहको मूर्ति बनाउनु थियो। उनले मलाई भनेको सम्झिन्छु, 'मलाई मूर्ति बनाउन त ६ महिना लाग्छ। तर त्यो पत्थर जसमा मेरो ध्यान अडियोस्, जुनभित्र उग्र नरसिंह बनाउन सकिने ऊर्जा होस्, त्यो पत्थर भेट्न कति समय लाग्छ चाहिँ थाहा छैन। जति नै समय लागोस् ,नभेटुन्जेल कुरिरहन्छु।'

तपाईं अहिले भारतको 'एल्लोरा केभ्स' जानुस्, त्यहाँ भएका शिवका मूर्तिहरू हेर्नुस्। प्रत्यक मूर्तिका आँखामा अलगअलग स्वरूपका शिवको मनको भाव देखिन्छ। जस्तै; जुन पार्वतीसँग खेल्दै गरेका शिवको मूर्ति छ, त्यसमा शिवका आँखा घरेलु, चञ्चल देखिन्छन्। उनै शिवको अर्को, जुन वध गरिरहेको रूद्र रूप देखाउने मूर्ति छ, त्यहाँ मूर्तिकै आँखामा अपार शक्ति देखिन्छ।'

भारतीय पुरातत्वविद् सावनी सेटए एक मूर्तिकारभित्र जरूरी हुने भक्ति, मूर्तिमा चाहिने पृथकताबारे बोल्दै थिइन्। म कानमा उनी बोलेको पोडकास्ट बजाउँदै मोबाइलतिर हेर्दै थिएँ। ठ्याक्क उनको कुरा सुनेर मुख 'आँ' भएकै बेला देखें एउटा मूर्ति। रोकिएँ। भर्खर शिवका स्वरूप-स्वरूप देखाउने आँखाको कुरा सुनेको, आँखा सुरूमै मूर्तिका आँखातिर दौडिए ।

देख्छु– आँखाको भावले नै गर्जन सुनाउने त टाढाको कुरा, जिउकै डवलले 'बा हो? बा होइन?' लाग्ने बाघको मूर्ति।

मूर्ति देखेपछि, कानमा बजिरहेको आवाज बन्द भयो। म बस एकोहोरो त्यो बाघलाई हेरेको हेर्‍यै भएछु। मन प्रश्नै प्रश्नको अँध्यारो ओडारभित्र पस्यो।

- यो जति हेर्दा पनि मूर्त नै नलाग्ने मूर्ति कसले बनायो होला?
- जो आफैं मूर्तिकार थिए, उनमा कलाचेत त भरपुर थियो होला। यस्तो खरायोले देखे पनि हाँसेर हिँडिदेला जस्तो बाघ बनेपछि 'यो के बनाएँ मैले?' भन्दै उनी आफैं तर्सिएनन् होला?
- हामी त मूर्तिमै भगवान देखेर भक्तिले आँखा लुकाउने कला सभ्यताका सन्तान। के भएर यसरी लाजले अनुहार लुकाउनुपर्ने भयौं होला?

म प्रश्नको ओडारभित्रै थिएँ, बाहिर बाघ बनाउने मूर्तिकारको अनुहार टुप्लुक्क देखियो। मूर्तिकार झिँजिएको अनुहार लगाउँदै बोलिरहेका थिए, 'जम्मा २५ हजार त पाएँ मैले त्यो मूर्ति बनाएको।'

मेरा सबै प्रश्नहरूको जवाफ त्यहीँ थियो।

ती मूर्तिकारलाई जसले काम दियो, उनीहरूलाई कलाको उत्कृष्ट नमूना चाहिएको थिएन। आफ्नो लागि छुट्याइएको रकम सुनेर मूर्तिकारले यति त सुरूमै थाहा पाए।

अब उनले लक्ष्मीको बाहन जत्तिकैको बाघ बनाए पनि उनलाई दिइने लक्ष्मीमा कुनै फेरबदल हुनेवाला थिएन । **(बाँकी ३ पेजमा)**

# दार्चुलामा सुक्दै खानेपानीका मुहान

**पोष्ट संवाददाता**

धनगढी । लामो समय सम्म बर्षा नहुँदा दार्चुलामा खानेपानीका मुहान सुक्न थालेका छन् । खानेपानीका मुहान सुक्न थालेपछि जिल्लाका धेरै स्थानमा पानीको समस्या निम्तिन थालेको छ ।

जिल्लाको शैल्यशिखर नगर पालिका, लेकम गाउँपालिका र मालिकार्जुन गाउँपालिकाका दर्जनौँ गाउँमा खानेपानीको समस्या हुन थालेको हो ।

सुक्खायाम सुरु भएसँगै ग्रामीण बस्तीमा खानेपानीको चरम समस्या हुन थालेको हो । यो वर्ष समयमै वर्षा नहुँदा अधिकांश खानेपानीका मुहान सुक्न थालेका छन् । लामो समयसम्म नियमित वर्षा नहुँदा मुहानहरुमा पानीको मात्रा घटेकाले स्थानीयवासी अभाव बेहोर्दै आएका छन् ।

नियमित वर्षा नभएकाले पनि पहाडी क्षेत्रमा खानेपानीको समस्या बर्सेनि बढ्दै गएको छ । शैल्यशिखर नगरपालिका-६ को धौखानी र उदपुर लगायत क्षेत्रमा खानेपानीको निकै समस्या भएको स्थानीयवासी श्याम सिंह धामी बताउन्छन् । उक्त क्षेत्रका करिब ३० घर र सोही ठाउँमा रहेको शैल्य आधारभूत विद्यालयमा पनि खानेपानीको समस्या र हेको अर्का स्थानीयवासी नरेन्द्र धामीको भनाइ छ ।

जिल्लाका नौवटै स्थानीय तहका उच्च भेग र पाखो क्षेत्रका अधिकांश बस्तीमा पानीको समस्या रहेको सोही वडाका वडाध्यक्ष जगदीशसिंह धामीले बताए ।

त्यस्तै जिल्लाको मालिकार्जुन गाउँपालिकाअन्तर्गत भगवती, सिराड, हुनैनाथ लगायत बस्तीहरूमा पनि खानेपानीको अभाव रहेको पालिकाका उपाध्यक्ष कल्याणसिंह धामीको भनाइ छ । जिल्लाको धेरैजसो ठाउँमा लिप्टिङ खानेपानीका योजना रहे पनि समयमै मर्मत नहुँदा स्थानीयवासीहरुले खानेपानीको समस्या झेल्नुपरेको छ ।

शैल्यशिखरका केही बस्तीमा खानेपानीका केही मुहान बर्खायाममा बाढीपहिरोले क्षतिग्रस्त बनाएको थियो । क्षतिग्रस्त मुहानलाई स्थानीय सरकारले अहिलेसम्म मर्मत गर्न कुनै चासो नदेखाएको अर्का स्थानीयवासी गोपाल सिंह धामीको गुनासो छ ।

जिल्लाका अधिकांश ठाउँमा सडकलगायत भौतिक संरचना निर्माणका कामले क्षति पुऱ्याउँदा मुहानहरु पुरिएर खानेपानीको समस्या भएको छ । जलवायु परिवर्तन, जथाभावी निर्माण कार्य, भू-क्षय, पहिरो, भूकम्पजस्ता प्राकृतिक प्रकोप, वन विनाशआदिले गर्दा पानीका मुहान नासिदै गएको जानकारहरुको भनाइ छ ।

भौगोलिक विकटता र माथिल्लो भागमा बस्ती तर खोला तल्लो भागबाट बग्ने भएकाले मुहान सुकेपछि खोलाको पानीमा निर्भर हुने अवस्था छैन । लिफ्ट सिस्टमजस्ता प्रविधिको प्रयोग सहज छैन । महगो प्रविधि र त्यसमा फेरी सञ्चालनको झन्झट पनि भएकाले पहाडी बस्तीका लागि स्थानीय मुहान नै एक मात्र सस्तो र सुलभ विकल्प रहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख कृष्णबहादुर बोगटी बताउन्छन ।

## डिएनए परिक्षण...

विगतभन्दा नयाँ प्रमाण भनेको निर्मलाकी आमा दुर्गादेवीले दिएको किटानी जाहेरी मात्र हो । 'अहिलेको अवस्थामा विष्ट नै दोषी हुन् भनेर कानुनी रूपमा स्थापित गराउन सक्ने आधार पनि छैन', एक अधिकृत भन्छन् । प्रहरी प्रधान कार्यालयका एक उच्च अधिकृतका अनुसार यो प्रकरणको अनुसन्धानमा खटिएका अधिकृतहरूको राय नै विभाजित छ ।

डीएसपी जिसीहरूसहित सुरुवाती चरणका केही अनुसन्धान अधिकृतहरूले दिलीपसिंह विष्ट नै दोषी भएको बताउने गरेका छन् भने पछिल्लो पटक खटिएका अधिकृतहरूले अरूमाथि नै शंका गरेका छन् ।

पछिल्लो पटक अनुसन्धानमा खटिएका अधिकृतहरूले यो प्रकरणमा अनुसन्धान गर्न बाँकी अझै केही पक्षहरू भएको बताएका छन् ।

उनीहरूको भनाइमा घटनास्थल नजिकै रहेको नेपाली सेनाको ब्यारेकबाट त्यस दिन निस्किएको टोलीबारे पनि अनुसन्धान गर्न प्रहरीले पाएको छैन । त्यसबाहेक घटना भएलगत्तै आसपासबाट फरार भएका सबै व्यक्तिहरूमाथि पनि अनुसन्धान भइसकेको छैन । डीएनएमा त्यति धेरै अविश्वास गर्नुपर्ने अवस्था छ जस्तो लाग्दैन, यद्यपि विभिन्न पाटोलाई सूक्ष्म रूपमा विश्लेषण गरिरहेका छौं - उत्तम सुवेदी, प्रमुख, सीआईबी

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेसँग अनुसन्धान अधिकृतहरूले प्रहरी प्रधान कार्यालय, नक्सालमा गरेको ब्रिफिङमा डीएनएलाई नजरअन्दाज गर्न नसकिने बताएका थिए ।

पन्तको शवबाट निकालिएको 'भजाइनल स्वाब'को डीएनए र आमा दुर्गादेवीको डीएनए मिलेको भन्दै स्वाबमाथि प्रश्न गर्ने ठाउँ नभएको बताइएको थियो । त्यसैले अहिले पनि प्रहरीले अनुसन्धानलाई डीएनएमै केन्द्रित गरेको छ ।

केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का निर्देशक उत्तमराज सुवेदी आफू सुदूरपश्चिम प्रदेशको नेतृत्वमा रहँदा मात्रै पनि कम्तीमा पाँच वटा घटनामा डीएनए म्याच भएको बताउँछन् ।

'डीएनएमा त्यति धेरै अविश्वास गर्नुपर्ने अवस्था छ जस्तो लाग्दैन,' उनले भने, 'यद्यपि विभिन्न पाटोलाई सूक्ष्म रूपमा विश्लेषण गरिरहेका छौं ।'

डीआईसी सिंह नेतृत्वको अनुसन्धान समिति स्रोतका अनुसार हालै प्रहरीले तीन जना शंकास्पद भारतीय नागरिकको डीएनए जाँच गरेको छ । यसबाट निर्मला प्रकरणको अनुसन्धान पुनः डीएनएकै वरिपरि घुमेको देखिएको सीआईबीका पूर्वनिर्देशक हेमन्त मल्ल ठकुरी बताउँछन् ।

उनको बुझाइमा पछिल्ला अनुसन्धान अधिकृतहरूले फेला पारेका केही क्लूका कारण डीएनएप्रति अधिकृतहरूले आशा गरेका छन् ।

प्राविधिक रूपमा हेर्न सकिने कुनै काम बाँकी छन् जस्तो लाग्दैन । डीएनएसहित ह्युमन इन्टलिजेन्सलाई नै जोड दिनुपर्छ - पिताम्बर अधिकारी, पूर्वडीआईजी

पूर्वप्रहरी नायब महानिरीक्षक (डीआईजी) पीताम्बर अधिकारी पनि अनुसन्धान अधिकृतहरूले डीएनएलाई पूर्णतः नजरअन्दाज गर्न सक्ने स्थिति नरहेको बताउँछन् । यो घटनामा प्रहरी संगठनले ठूलो लगानी र मिहिनेत गरेको बताउँदै उनी भन्छन्, 'यसमा प्राविधिक रूपमा हेर्न सकिने कुनै काम बाँकी छन् जस्तो लाग्दैन । डीएनएसहित ह्युमन इन्टलिजेन्सलाई नै जोड दिनुपर्छ ।'

अधिकृतहरूका अनुसार पछिल्लो समय डीएनए जाँच गरिएका तीन जना घटनास्थल नजिकै रहेको खेतमा काम गर्ने भारतीय नागरिकहरू हुन् । 'उनीहरू त्यहाँ भारतबाट खेती गर्न आएका, घटनालगत्तै फरार भएका थिए' एक अधिकृत भन्छन्, 'तीमध्ये एक जनाले निर्मलालाई बुहारी बनाउँछु भन्ने गरेका थिए ।'

ती व्यक्तिले निर्मला त्यहाँ तरकारी किन्न जाँदा समेत पैसा नलिने गरेको पाइएको छ । 'त्यसरी काम गर्ने १२ जना जति घटनापछि गायब छन्, भारतीय प्रहरीसँग समेत समन्वय गरेर उनीहरूको डीएनए जाँच्ने प्रयास गरिरहेका छौं', ती अधिकृत भन्छन् ।

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका पूर्वप्रमुख डा. जीवन रिजालको नेतृत्वमा गठन भएको छानबिन समितिले भने निर्मला प्रकरणको अनुसन्धानका लागि डीएनएमा मात्र भर पर्नु नहुने बताएको थियो ।

रिजाल नेतृत्वको समितिको प्रतिवेदनमा अभियुक्तको वीर्य भनेर परीक्षण गरिएको नमूना वीर्य नै हो भन्न नसकिने अवस्था रहेको उल्लेख थियो । मानवअधिकार आयोगको प्रतिवेदनले पनि डीएनएको नमूना संकलन र परीक्षणमा त्रुटि हुनसक्ने आशंकासहित 'ह्युमन इन्टलिजेन्स' लगायत अन्य माध्यमबाट अनुसन्धान गर्न सरकारलाई सिफारिस गरेको थियो ।

## बोकाको दाममा...

होइन, मरिमेटी कला कौशल देखाएपछि तै तै बक्सिस पाइहालिन्छ कि भनेर आश गर्न यो कुनै पारखी जर्साबले अह्राएको काम पनि थिएन। यो त केबल 'तेरो स्थानीय क्षेत्रमा धेरै मूर्ति कि मेरोमा धेरै' को तँछाडमछाड सम्हाल्न अलिकति बजेट छुट्याइदिएको एउटा 'प्रोजेक्ट' मात्रै थियो। यो बाघ कलाप्रेमीले होइन, फत्ते गर्नुपर्ने प्रोजेक्टले मागेको बाघ थियो। त्यो पनि सिङ न पुच्छरको बोका बनाउनसमेत मुश्किल पर्ने दाममा!

माग्नेको ऊर्जाले जति चाहेको महसुस हुन्छ, दिनेले त्यति मात्र दिन सक्छ।

एउटा बाघको मूर्ति मात्रै होइन अचेल हाम्रा वडावडामा बनेका शिव, सुम्निमा, पारूहाङ, सुँगुर, कुकुर; जे हुन्, प्रायः त्योजस्ता लाग्दैनन्। किन लाग्दैनन् होला? किन अचेल बन्ने मन्दिरहरू मूर्ति राखिएका घरजस्ता हुन्छन् अनि मूर्तिका देवता चाहिँ 'फेन्सी ड्रेस कम्पिटिसन' मा गएका मान्छेजस्ता?

सायद मूर्ति बनाउनेको ऊर्जाले चिन्छ, पछि हेर्नेले यो मूर्तिलाई कसरी हेर्नेवाला छ। अब हामी हेर्नेहरू यस्ता भइसक्यौं, कुनै खुब सुन्दर मूर्ति नै देख्यौं भने पनि, बसिरहेर श्रद्धा दर्शाउने फुर्सद हामीसँग छैन। एकछिन अडिएर तारिफसम्म गरौंला, त्यत्ति!

बनिसकेपछि श्रद्धा पाउँदिनँ भन्ने थाहा पाएको मूर्तिले बन्दै गर्दा साधना कसरी पाउँछ? त्यो पत्थरको ऊर्जाले साधना आकर्षित नै गर्न सक्दैन।

अब हामी ईश्वरको मूर्तिमा ईश्वर खोज्दैनौं। केवल 'यो मेरो ठाउँको हो' भन्न सकिने गर्व/घमन्ड खोज्छौं। हेर्नेले आफूलाई खोज्नेवाला नै छैन भन्ने थाहा पाएरै त होला, अब पहिलेजसरी बन्दै गर्दाको पत्थरमा ईश्वर आउँदैनन्।

बोलाउनेको आँखामा आफ्नो लागि प्रेम छैन भन्ने थाहा पाएपछि जनावर त छेउ आउँदैनन् भने ईश्वर झन् कसरी आउलान्? अब कलालाई निपुर्ण बनाउने भक्ति वरपर छैन।

अब यदि केहीले मूर्तिलाई मूर्त बनाउने साधना जन्माउन सक्छ भने त्यो हो कलाकारलाई कर्मको फलजसरी दिइने पैसा। पारिश्रमिकले आफ्नो इज्जत गरेको महसुस भए नुनको सोझो गर्दा गर्दै निश्चल साधना जन्मिन्छ।

हुन त एउटा पवित्र कलाकार यसरी पैसाको पासोमा पर्न नहुने हो। आफ्ना हरेक सिर्जनालाई सन्तान सोचेर जन्म दिनुपर्ने हो।

तर जन्माएर जसलाई सुम्पिनु छ उसले मेरो कलालाई सन्तान होइन, सामान सोच्छ भन्ने थाहा छ भने म मेरो कलालाई सन्तान जसरी किन जन्माउँछु? बरू आफूले पहिले नै सामान सोचे, कम्तीमा आफूभित्रकी आमा ढुक्कले बस्न त पाउँछे!

यदि कसैले जागिर आह्वान गर्छ भने उसले पाउने भनेको कर्मचारी नै हो, कलाकार होइन।

कलाकारको निष्ठा पाउन त आह्वान गर्ने स्वरमा कलाको सम्मान सुनिनुपर्छ।

'साँच्चै त्यो झुर गीत सुन्यौ? हुर्मतै लिएछ नि संगीतको! शब्द पनि कस्तो बाटोमा फालेको टिपेजस्तो छ। न धुन भर्न कुनै मेहनत गरेको देखिन्छ! पहिलेका गीत कस्ता हुन्थे, सुन्दै कान पवित्र हुने,' साथीसँग बसेर कुनै गीत हेर्दै यस्तो टिप्पणी गरिरहँदा हामीले एकथोक कहिल्यै ख्यालै गरेनौं। युट्युबमा त्यो गीतको शीर्षकमा गीतकारको, संगीतकारको नामसम्म अटाएको हुँदैन। कति गीतमा त गीतकार 'डिस्क्रिप्सन' मा समेत भेटिँदैन।

एउटा लेखकले सिनेमा लेख्छ। भएभरका पात्र ऊ जन्माउँछ। तर एउटा मात्रै पात्र निर्वाह गर्ने हिरो/हिरोइनले ऊभन्दा पाँच गुणा बढी पैसा पाउँछन्। जबकि लेखक बाँच्ने लेखेर मात्रै हो। हिरो/हिरोइनलाई जसरी उसको लागि होर्डिङ बोर्डमा कारको चाबी पकड्दै मुस्कुराएर पैसा कमाउने बाटो खुल्दैनन् ।

यहाँ कलाप्रेमीलाई कथाहरूले कला गुमाउँदा मन दुख्छ । तर कुनै कथाकार कथा लेखेरै धनी भयो भने चाहिँ त्यही मनमा झन् दनदनी आगो बल्छ ।

कविताहरू तबसम्म मात्र सुन्दर लाग्छन् जबसम्म कविले सित्तैमा कविता सुनाउँछन्। आफ्नो कर्मको मोल त हरेक पेसाले माग्छ। तर केबल गीतकार, संगीतकार, लेखक, मूर्तिकार, चित्रकार जस्ता यी सर्जक मात्र हुन् जो पैसाको कुरा गर्नेबित्तिकै व्यापारी जस्ता लाग्न थाल्छन्।

यी कलाप्रेमी प्रश्न गर्छन्– ल ठीक छ, कलाको इज्जत भएन, सही मोल पाइएन रे। त्यस्तो हुँदा कमजोर काम गर्नुभन्दा बरू काम छोड्ने हिम्मत किन नगरेको? कलासँग इमानदार हुनुपर्दैन?'

ती कलाप्रेमीलाई प्रश्नकै जवाफ– प्रत्येक नेपाली नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ। के यो हक बोकेर आएको गणतन्त्र अरू सबैका लागि आएर कलाकार चाहिँ राजतन्त्रमै छुटेका हुन्?

जसले जस्तो सम्मान गर्छ, उसलाई सम्मान अनुरूपकै काम पस्किदिनु पनि कलासँग इमानदार हुनु नै हो। यसलाई सर्जकहरूको जिद्दी, हठ, लाचारी जे बुझे पनि, जे बुझेर सुध्रिए पनि, कलालाई बिसेक नै हुन्छ।

सुन्दर कलात्मक सिनेमामा प्रत्येक सिनले दुइटा कुरा बोलिरहेका हुन्छन्।

एउटा, जो प्रस्ट देखिन्छ।

दोस्रो, जुन नियालेर हेर्दा मात्रै भेटिन्छ।

सिनेमाको भाषामा यसलाई अंग्रेजीमा 'सबटेक्स्ट' भनिन्छ। कहिलेकाहीँ कुनै खुब हँसाउने सिनको सबटेक्स्ट मुटु कमाउने दुःख हुनसक्छ। सामान्य लाग्ने, दुई केटाकेटी खेलिरहेको दृश्यको सबटेक्स्ट शक्तिशाली राष्ट्रहरू बीचको शीतयुद्ध हुनसक्छ।

यसपालिको 'मूर्ति-काण्ड' मा जुन हाँसो, ठट्टा, खिसी थियो त्यो प्रस्ट देखिएको सिन थियो ।

सबटेक्स्टले के भन्दैछ, त्यो बुझ्नका लागि हाम्रो ध्यान 'मूर्ति कस्तो बन्यो' होइन, 'जस्तो बन्यो, त्यस्तो किन बन्यो?' मा हुनुपर्छ ।

जबसम्म हाम्रा मूर्तिकारले, गीतकारले, कथाकारले, लेखकले, संगीतकारले, चित्रकारले पाउनुपर्ने नाम, दाम र मान पाउँदैनन् तबसम्म हाम्रा सबै सिर्जनामा त्यही बाघको बेढंगी अनुहार झल्किरहने छ ।

## निर्मला हत्या...

मन्त्री, सुशीला श्रीपाली संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री भएका छन् ।

नेकपा एमालेबाट रक्षामन्त्री हरि उप्रेती, परराष्ट्र विमला राई पौडेल, स्वास्थ्य मन्त्रीमा पदम गिरी, महिला बालबालिका मन्त्रीमा भगवती चौधरी, ज्वालाकुमारी साह कृषि मन्त्री, राजेन्द्र राई भूमि व्यवस्था सहकारी मन्त्री, उद्योग मन्त्रीमा दामोदर भण्डारी भएका छन् । यसअघि गत पुस ११ मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शपथ लिंदा माओवादीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठलाई उपप्रधान तथा भौतिक योजना मन्त्री बनाएका थिए । साथै एमाले उपाध्यक्ष विष्णु पौडेललाई उपप्रधान र अर्थमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई उपप्रधान तथा गृहमन्त्री बनाएका थिए । जनमत पार्टीका अब्दुल खान पनि मन्त्री भएका छन् ।


## कर्मचारी आवश्यकता

यस ए-वान ड्राईक्लीनर कम्पनीलाई दुई महिला कर्मचारी (रिसेप्सनीष्ट (Receptionist) को आवश्यकता भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

तलब : आपसी सहमतीमा ।

**सम्पर्क नं. :**

**ए-वान ड्राईक्लीनर**

मेनरोड धनगढी (चौलानी डिपार्टमेन्टल स्टोरको अगाडि)

फोन : ९८०४६०९३२२

**बसन्त पञ्चमी (सरस्वती पुजा)को हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।**

निःशुल्क भर्ना खुल्यो ! निःशुल्क भर्ना खुल्यो ! निःशुल्क भर्ना खुल्यो !

**यस लिटिल एन्जल्स मन्टेश्वरी विद्यालय धनगढी -८, सेतोपुल नजीकै बसन्त पञ्चमी (सरस्वती पुजा)को पावन अवसरमा निःशुल्क भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं । सिट सिमीत भएकोले समयमै सम्पर्क राख्न अनुरोध छ ।**

**हाम्रा विशेषताहरू**

- निःशुल्क भर्ना।
- मन्टेश्वरी पद्धतिबाट पढाई हुने।
- शान्त र सुरक्षित निजि भवन।
- स्कुल भ्यानको व्यवस्था।
- सि.सि. टि.भि. जडान गरिएको।
- तालिम प्राप्त, योग्य र मिलनसार स्कूल स्टाफहरू।
- शुद्ध तातो-चिसो खाने पानीको व्यवस्था।
- अतिरिक्त क्रियाकलाप (नाच, गान, क्रीकेट, फुटबल, हाजिरी जवाफ प्रतियोगिता र विजयीलाई आकर्षक पुरस्कार ।
- अडियो भिजुअल क्लास।
- दैनिक दुई पटक शुद्ध सफा पौष्टिक खानाको व्यवस्था।

**Dr. Bhaskar Upadhyay** is a chief director of Little Angles Montessori (Professor of STEM & International Development Education, College of Education & Human Development, University of Minnesota, Minneapolis, USA.



**लिटिल एन्जल्स मन्टेश्वरी**

धनगढी-८, सेतोपुल





Little Angels Montessori Estd 2078 Quest For Excellence

सम्पर्क : ०९१-५२६४२९, ९८४७५११७७६, ९८२५६०९६९७


## २०७९ यस्तो छ तपाईंको राशिफल माघ ४



**(मेष)** चु,चे, चो, ला, लि, लु, ले,

अस्वस्थताले काममा ढिलासुस्ती हुन सक्छ। अप्रिय समाचारले दुःखी बनाउला। पढाइलेखाइमा प्रगति गर्न नसकिएला।



**(बृष)** इ, उ, ए, ओ, वा, वि, वु, वे, वो

पुरानो समस्या समेत सुल्झाउन सकिनेछ। पारिवारीक, दाम्पत्य तथा प्रेममय सम्बन्धमा केही असमझदारी बढ्न सक्छ।




**(मिथुन)** का, कि, कु, घ, ङ, छ, के, को, ह

सोचेको फाइदा नउठ्न सक्छ। अनावश्यक वादविवादमा परिने योग भएकाले विचारलाई तौलेर मात्र ब्यक्त गर्नुहोला।



**(कर्कट)** हि, हु, हे, हो, डा, डि, डु, डे, डो

आजको दिन मान-सम्मानमा आघात पर्ने देखिन्छ। हडबडीले आँटेका काममा समस्या निम्त्याउन सक्छ।



**(सिंह)** मा, मि, मु, मे, मो, टा, टि, टु, टे

आज ब्यवसायमा सोचेको फाइदा नउठ्ने समय रहेको छ। नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला।



**(कन्या)** टो, प, पी, पू, ष, ण, ठ, पे, पो

उद्योग तथा ब्यापारमा मनग्य फाइदा मिल्नेछ। शुभचिन्तकहरूले राम्रो सहयोग जुटाउनेछन्। समय अनुकुल रहेको छ ।




**(तुला)** रा, री, रु, रे, रो, ता, ती, तु, ते

कृषि तथा पशुपालनमा खर्च बढ्ने समय छ। तापनि, नयाँ काममा हात हाल्न सकिनेछ। प्रतिस्पर्धाबाट लाभ मिल्नेछ।




**(वृश्चिक)** तो, ना, नि, नू, ने, नो, या, यि, यू

मेहनत गर्दा प्रशस्त धन आर्जन हुने छ। आफ्ना कमजोरीप्रति अरूले आलोचना गर्न सक्छन्, सचेत रहनु होला।




**(धनु)** य, यो, भा, भी, भू, ध, फा, ढ, भे

कमजोर भएको अनुभूति हुनेछ। तापनि, निराश नहुनुहोस् लगनशीलताले स्थितिमा सुधार ल्याई बिस्तारै सफलता दिलाउनेछ।



**(मकर)** भो,जा,जी,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी

बेसुरमा वचन दिने बानीले दुःख पाइनेछ। मान्यजनको सुझावप्रति अविश्वास बढ्नेछ। काम बिग्रने डरले सताउन सक्छ।



**(कुम्भ)** गु, गे, गो, सा, सी, सु, से, सो, द

महत्वाकांक्षी योजना तत्काल सार्वजनिक नगर्नु बेस होला। पशुधन र जमिनबाट सामान्य लाभ उठाउन सकिने समय छ।



**(मीन)** दी, दू, थ, झ, ञ, दे, दो, च, ची

पुरानो गतिले काम बिग्रन सक्छ। परिवारजनमा आमाको सहयोग लिँदा चिताएको काम सम्पादन गर्न सकिनेछ।


## खुशीको खबर ! खुशीको खबर !!

***"सीप सिकौं आत्मनिर्भर बनौं ।"***

हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक कपडाहरु सिलाई गरिन्छ ।

**४ जनाको समूह बनाइ आएमा १ जनाको फी छुट गरिनेछ ।**

साथै कपडा पनि उपलब्ध छ ।

**वबी बुटिक**

एल.एन.चौक, धनगढी

**मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९**

### निर्मला हत्या प्रकरण

# डिएनए परिक्षणकै वरिपरी प्रहरी

**पोष्ट संवाददाता**

धनगढी । बलात्कार पछि हत्या गरिएकी कञ्चनपुरकी १३ बर्षिया निर्मला पन्त प्रकरणको पुनः छानविन गरेको प्रहरीले डिएनए परिक्षणलाई नै आधार मानेर अघि बढ्न थालेको छ ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले मन्त्रालयमा पदभार ग्रहण गरेपछि पहिलो निर्णय गरे, 'निर्मला पन्तको न्यायका लागि अधिकतम पहल गर्ने ।' चार दिनपछि निरीक्षणका लागि प्रहरी प्रधान कार्यालय, नक्साल पुग्दा समेत लामिछानेले निर्मला पन्त प्रकरणको अनुसन्धानबारे चासो राखे ।केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक ( एआईजी) उत्तमराज सुवेदीसहितका अधिकृतहरूले अनुसन्धानमा भइरहेको गतिविधिबारे ब्रिफिङ गरे । लगत्तै प्रहरी प्रधान कार्यालय, नक्सालले यो प्रकरणमा छानबिनका लागि नयाँ अनुसन्धान समिति गठन गरेको छ ।

केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) की प्रहरी नायब महानिरीक्षक (डीआईजी) दुर्गा सिंहको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति बनेको हो । समितिमा ब्यूरोका प्रहरी उपरीक्षक (एसपी) कमल थापा, प्रहरी निरीक्षक धीरेन्द्र रोकाया, मनोचिकित्सकलगायत सदस्य छन् ।

केन्द्रीय प्रहरी प्रवक्ता टेकप्रसाद राईका अनुसार टोली कञ्चनपुर नै पुगेर अनुसन्धान गरिरहेको छ । 'माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीबाट पनि यसमा चासो व्यक्त भएको छ, अनुसन्धान समितिले गम्भीर रूपमा छानबिन गरिरहेको छ', डीआईजी राईले भने ।

कञ्चनपुरस्थित भीमदत्त नगरपालिका-२, उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्तको १० साउन २०७५ मा बलात्कारपछि हत्या भएको थियो । घटनाको २५ दिनपछि प्रहरीले मुख्य आरोपीका रूपमा दिलीपसिंह विष्टलाई सार्वजनिक गरेको थियो । तर स्थानीयले उनी मानसिक रोगी भएको र उनी घटनामा संलग्न हुन नसक्ने बताउँदै आन्दोलन चर्काए। आन्दोलनकै क्रममा प्रहरीले चलाएको गोली लागेर एक जनाको मृत्यु पनि भएको थियो।

तत्कालीन अनुसन्धान अधिकृतहरूले निर्मलाको 'भजाइनल स्वाब'लाई डीएनए परीक्षणका लागि प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशाला पठाएका थिए । त्यसमा भेटिएको डीएनएसँग विष्टको डीएनए म्याच नभएपछि उनी २६ भदौमा छुटेका थिए । अनुसन्धानमा खटिएका प्रहरीहरू नै बर्खास्ती र निलम्बनमा परे। गृह मन्त्रालयले तत्कालीन सह-सचिव हरिप्रसाद मैनाली र प्रहरी प्रधान कार्यालयले प्रहरी अतिरिक्त महानिरीक्षक ( एआईजी) धीरु बस्न्यातको नेतृत्वमा बनाएको छुट्टाछुट्टै समितिको प्रतिवेदनका आधारमा कञ्चनपुर प्रहरीका तत्कालीन एसपी दिल्लीराज विष्ट र प्रहरी निरीक्षक जगदीश भट्ट बर्खास्तीमा परेका थिए ।

अनुसन्धानका लागि काठमाडौंबाट गएका केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का डीएसपी अंगुर जिसी, कञ्चनपुरका तत्कालीन डीएसपी ज्ञानबहादुर सेटी, प्रहरी निरीक्षक एकेन्द्र खड्का, सईद्वय रामसिंह धामी, हरसिंह धामी र जवान चाँदनी साउद निलम्बनमा परेका थिए ।

अधिकृतहरूका अनुसार पहिले पक्राउ परेका दिलीपसिंह विष्टविरुद्ध प्रहरीसँग भएको विगतभन्दा नयाँ प्रमाण भनेको निर्मलाकी आमा दुर्गादेवीले दिएको किटानी जाहेरी मात्र हो

तर हालसम्म घटनाको गुत्थी भने सुल्झिएन । प्रहरीका दर्जनौं अनुसन्धान टोलीले ११५ जना शंकास्पदको डीएनए जाँच गरिसकेको छ, तर म्याच भएको छैन । तत्कालीन प्रहरी महानिरीक्षक (आईजीपी) सर्वेन्द्र खनालले कार्यकालको अन्तिममा एआईजी बस्न्यात नेतृत्वको समितिले बनाएको प्रतिवेदनमाथि पुनरावलोकन गर्न अर्को समिति बनाएका थिए ।

किनकि उनी र उनको टिमलाई निर्मलाको बलात्कारपछि हत्यामा विष्टकै संलग्नता हुनसक्ने शंका बढेको थियो । तत्कालीन प्रहरी नायब महानिरीक्षक ( डीआईजी) सुरज श्रेष्ठको नेतृत्वमा बनेको त्यो समितिको प्रतिवेदनले तत्कालीन सह-सचिव मैनाली र एआईजी बस्न्यात नेतृत्वको समितिको दुवै प्रतिवेदनलाई बदनियतपूर्ण भन्यो ।

पुरानो प्रतिवेदनमाथि पुनरावलोकन गर्न बनेको समितिमा संलग्न प्रहरी अधिकृतहरूका अनुसार अनुसन्धानको सुरुवाती चरणमा गरेको केही कमजोरीका कारण प्रहरीको भूमिकामाथि प्रश्न उठेको थियो । उनीहरूका अनुसार कञ्चनपुर वासीलाई विश्वासमा लिन नसक्नु पनि कमजोरी थियो । तर, अनुसन्धान अधिकृतलाई नै आरोपित बनाउनुपर्ने खाल्को अवस्था थिएन ।

श्रेष्ठ नेतृत्वको समितिले बुझाएको प्रतिवेदनकै आधारमा प्रहरी अधिकृतहरूको निलम्बन फुकुवा भयो भने बर्खास्तीमा परेकाहरूलाई अदालतले जागिरमा फर्काएको छ। तर अझैसम्म प्रहरी घटनाका दोषीसम्म पुग्न सकेको छैन ।

यो चार वर्षको अवधिमा केही अनुसन्धान अधिकृतहरूको आशंका फेरि दिलीपसिंह विष्टतिरै सोझिएको छ। विगतमा दिएको भिडियो बयान, अन्य व्यक्तिहरूसँग विष्टले सुनाएका विवरण र थप केही व्यक्तिहरू पनि उनीबाट दुर्व्यवहारमा परेको उजुरी आएकाले विष्टमाथि थप शंका बढेको उनीहरू बताउँछन् ।

तर, अधिकृतहरूका अनुसार विष्टविरुद्ध प्रहरीसँग भएको **(बाँकी ३पेजमा)**

# संकटमा पर्दै रनपुतला नाच

**पोष्ट संवाददाता**

धनगढी । पश्चिम पहाडका गाउँघरमा गाउँदै खेल्दै मनाउने नारी प्रधान लोकनाच हो 'रनपुतला' । नारीका मार्मिक पीरव्यथा झल्काउने यो नाच पछिल्लो समय संकटमा पर्न थालेको छ ।

'गाउँघरमा नारीहरूले छिट्को फरिया, रातो चौबन्दी चोलो र सेतो पटुकाको फेरो हातमा समाएर सामूहिक रूपमा रनपुतला खेलिन्छ,' स्थानीय ऐश्वर्या विष्टले भनिन्, 'पंक्तिबद्ध भएर विरहका गीत गाउँदै नाच्दा सुदूरपहाडका बस्तीहरूमा बेग्लै रौनकता छाउँछ ।' तर पछिल्लो समय नयाँ पुस्तामा भने यो सहजै हस्तान्तरण हुन सकेको छैन ।

हस्तान्तरण नहुँदा संकटको अवस्थामा पुगको भन्दै लोकसंस्कृति प्रेमीहरूले चिन्ता व्यक्त गरेका छन्। अछाम, बाजुरा र डोटीको संगममा परापूर्वकालमा घ्याराघ्याम्पो नामका राजाले छोरी रनमैयाको शोकमा परेका बेला रनपुतला नाचको सुरुवात गरेको भनाइ छ। मधेसमा विवाह गरी मृत्यु भएकी छोरीको शोकमा रहेका राजाले छोरीको सम्झना गर्दै पुतला खेल खेल्न लगाएपछि यो परम्पराका रूपमा मनाउन लागिएको नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका संगीत विभागका पूर्वप्रमख तथा वरिष्ठ कलाकार यज्ञराज उपाध्यायले बताए ।

उपाध्यायका अनुसार इच्छाविपरीत विवाह गरिएकी छोरीले मृत्युपूर्व मधेसमा हुने गर्मी, त्यहाँ हुने सर्प बिच्छीको डरबारे दुखेसो पोख्दै बुबालाई खबर पठाएकी थिइन् । पछि उनैको मृत्यु भएको खबरले पुत्री शोकमा परेका राजाले छोरीको सम्झनास्वरूप पुतला खेल सुरु गर्न लगाएको उनको भनाइ छ ।

'राजा घ्याम्पोकी छोरी रनमैयाको विवाह मधेसमा गर्दा सर्पको टोकाइबाट मृत्यु भएको थियो,' रनपुतलाको इतिहासबारे उपाध्यायले भने, 'कालान्तरमा गएर उनै छोरीका नामबाट रनपुतला संस्कृतिको नाम रहन गयो ।'

रनपुतला बझाङ, बाजुरा र अछाममा विशेष रूपमा मनाइन्छ । अछामसँग सिमाना जोडिएका डोटीका क्षेत्रहरूमा पनि यो खेल्ने प्रचलन छ । 'संरक्षणका लागि केही समूह अहिले पनि काठमाडौंमा समेत रनपुतला खेल्दै आएका छन्,' उपाध्यायले रनपुतलाको अस्तित्व संकटमा परिरहेको प्रति चिन्ता पोख्दै भने, 'तर पनि पश्चिमा संस्कृतिको प्रभावले नयाँ पुस्ता प्रभावित हुँदा अन्य संस्कृतिझैं रनपुतला पनि संकटमा छ, यसको जर्गेना गर्न सचेत हुन जरुरी छ ।' रनपुतलामा विशेष लयमा गीत गाउने चलन छ।

वर्षमा दुई पटक मनाइन्छ । कुनै ठाउँमा पुस महिनाको १५ देखि सुरु गरी माघ १ गते विसर्जन गरिन्छ। कुनै ठाउँमा चैत २० गते सुरु गरी वैशाख १ गते विसर्जन गर्ने चलन छ । डोटेली लोकसंस्कृतिको जगेर्नामा लागेका कलाकार सुरत रावत डोटेली कान्छा रनपुतलामार्फत माइतमा आएका बेला दिदीबहिनीसँगको भेटका क्रममा विरहका ब्यथा पोख्ने चलन रहेको बताउँछन् ।

पुस १५ गते वर्षभरिको लामो रातको रूपमा लिई रातभरि गाउँखाने कथाहरू हाल्ने, जाग्राम बस्ने, तरुल सकरखण्ड खाने संस्कृति छ। सोही रातदेखि रनपुतला पर्वको सुरुवात गरी माघ १ गते पानी पँधेरोमा लगेर विसर्जन गरे देवीदेउता खुसी हुने चलन रहेको स्थानीय महिला बताउँछन् ।

माघ १ गते बिहानै प्रत्येक घरबाट खानेकुरा जम्मा गरी पानी पँधेरोमा राति स्नान गरेर रनपुतला खेल्ने चलन रहेको दिपायल सिलगढी नगरपालिका वडा नम्बर ७ की ५८ वर्षीया पद्मादेवी विष्टले बताइन् । 'पहिले बर्सेनि यसरी रनपुतला खेलिन्थ्यो,' उनले भनिन्, 'तर पछिल्लो समय खेल्ने चलन हराएको छ ।'

दिपायल सिलगढी नगरपालिकाको वडा नं. ७ रातुलीमा हरेक वर्ष रनपुतला खेलिने भए पनि यसवर्ष गाउँमा जुठो परेकाले ३ गतेका लागि सारिएको वडाध्यक्ष कर्णबहादुर विष्टले बताए ।




## सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/१०/४)

यस बिपतपुर आगलागि पिडित मुक्त कमैया लाभग्राही समुदायले सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र ह्याविट्याट फर ह्युम्यानिटि नेपालको आर्थिक सहकार्य तथा राष्ट्रिय दलित नेटवर्कको सामाजिक परिचालन सहयोगमा कैलाली जिल्लाको कैलारी गाँउपालिका वार्ड न. ७ मा आगलागि पिडित मुक्त कमैयाहरुको घर निमार्ण कार्यको लागि तपशिलमा उल्लेखित साम्रागीहरु खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त फर्म/कम्पनीहरुबाट यो दरभाउ पत्र आव्हान गरिएको छ ।

१. सूचना प्रकाशित भएको मितिले ५ औ दिन भित्र सिलबन्दी गरिएको दरभाउ पत्र फारम तोकिएको ढाँचामा भरी कार्यालय समय भित्र बिपतपुर आगलागि पिडित मुक्तकमैया लाभग्राही समुदायको कार्यालयमा पेश गरी सक्नु पर्नेछ साथै ढिलो गरी प्राप्त भएमा स्वीकार गरिने छैन ।
२. संलग्न दरभाउपत्रको साथमा देहायका कागजात संलग्न हुनुपर्नेछ : अद्यावधिक नविकरण गरेको व्यवसायको इजाजत पत्र, स्थायी लेखा नम्वर (PAN) प्रमाण पत्र, मूल्य अभिबुद्धि कर दर्ता प्रमाण पत्र, आ.ब. २०७८/२०७९ सम्मको कर चुक्ता गरेको प्रमाण पत्र ।
३. सिलबन्दी दरभाउ पत्र पेश गर्ने वा खोल्ने दिन सार्बजनिक बिदा परेमा त्यसपछि तत्काल कार्यालय खोल्ने दिन नै पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ ।
४. दररेट भर्दा मूल्य अभिबुद्धि कर सहितको अंक र अक्षरमा स्पष्ट, बुझिने गरी लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा वा केरमेट भएमा अक्षरमा उल्लेखित दरलाई मान्यता दिईनेछ ।
५. रीत नपुगेको र कुनै शर्त सहितको दरभाउ पत्र स्वीकार गरिने छैन ।
६. कुनै वा सबै सिलबन्दी दरभाउपत्र, पुरै वाआंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।
७. यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।

**तपशिल :**

| S.No. | Item with Specification | Unit | Quantity |
|---|---|---|---|
| 1 | Cement OPC | Bag | 1458 |
| 2 | Cement PPC | Bag | 2340 |
| 3 | Rebar(Fe 415/500 MPA) 10mm | Kg | 13530 |
| 4 | Rebar (Fe 415/500 MPA) 8mm | Kg | 4498 |
| 4 | Binding wire | Kg | 217 |
| 5 | Iron/ Metal (2inch dia (rectangular or circular) | Kg | 9676 |
| 6 | CGI sheet (Red Color) 0.32mm ( 8 feet) | No. | 311 |
| 7 | CGI sheet (Red Color)0.32mm (10 feet) | No. | 311 |
| 8 | CGI sheet (Red Color)0.32mm (6 feet) | No. | 243 |
| 9 | CGI sheet (Red Color)0.32mm (7 feet) | No. | 122 |
| 10 | Plain Sheet .032 thickness | rm | 189 |
| 11 | Self driving Jack Screw/J Hook for CGI Roofing | No. | 6750 |
| 12 | Plywood for form work (waterproof) (12mm) | m2 | 19 |
| 13 | Door (30"*74") plywood 32 mm thickness with accessories | No | 81 |

**दरभाउ पत्र पेश गर्ने स्थान**

**विपतपुर आगलागि पिडित मुक्तकमैया लाभग्राही समुदाय/समुह**

कैलारी गा.पा. ७ विपतपुर, कैलाली

सम्पर्क फोन नं : ९८६८७२३१४३ (हरि प्रसाद चौधरी)

**संकलन स्थान :** राष्ट्रिय दलित नेटवर्क, चकमेली चौक, धनगढी

**सम्पर्क फोन नं :** ९८४८४४५३५३ (भरत आग्री)

**छोरा र छोरी बिच भेदभाव नगरौं । भ्य नागरिकको परिचय दिऔं ।**

धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्धारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, कार्यकारी सम्पादक : हिमाल जोशी